श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभाग**
(संस्था अनुगमन शाखा)
ताहाचल, काठमाडौं

Email :
complaint@dofe.gov.np
पोष्ट वक्स नं. ६५१५
फोन नं ४७८२४५४

पत्र संख्याः २०८२/०८३ चलानी नंः मितिः २०८२।१२।१७

अभिमुखीकरण तालिमको शुल्क सम्बन्धी सूचना!

वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई रोजगारीमा जानु अघि मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरूबाट दिइने अभिमुखीकरण तालिम बापतको शुल्क सम्बन्धमा अभिमुखीकरण तालिम संचालन कार्यविधि, २०७६ को दफा १६ मा प्रति प्रशिक्षार्थी रु. ७००/- (सात सय) तोकिएको व्यहोरा विदितै छ । अभिमुखीकरण तालिम दुई दिन नै संचालन हुने, तालिम शुल्क रु. ७००/- नै रहेको सो शुल्कमा बढाइएको भन्ने कुनै सत्यता नरहेको भनी विभागबाट मिति २०८१/०६/१३ मा प्रेस विज्ञप्ति मार्फत जानकारी समेत गराईएको व्यहोरा अवगत नै छ ।

वैदेशिक रोजगार सम्बन्धी प्रचालित ऐन, नियम, कार्यविधि र विभागबाट समय समयमा जारी गरिएको सूचना एवम् पत्रबाट समेत अभिमुखीकरण बापतको शुल्क प्रति प्रशिक्षार्थी रु.७००/- नै भएको स्पष्ट पारिएको अवस्था हुँदा हुँदै पनि अभिमुखीकरण तालिम सम्बन्धी सम्पूर्ण मापदण्ड अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ बमोजिम गरिने र शुल्क ७००।– भन्दा बढी लिएको गुनासो आइरहेको सम्बन्धमा आगामी दिनमा कुनै पनि तालिम प्रदायक संस्थाहरुले अभिमुखीकरण तालिम बापत प्रशिक्षार्थीसँग रु.७००/- (सात सय) भन्दा बढी शुल्क लिएको कही कतैबाट विभागलाई जानकारी प्राप्त हुन आएमा वैदेशिक रोजगार ऐन, २०६४ र नियम, २०६४ एवम् कार्यविधि बमोजिम तालिम प्रदान गर्ने अनुमति (इजाजत पत्र) स्वतः रद्द हुने व्यहोरा समेत जानकारी गराईएको सम्बन्धित सम्पूर्णमा अनुरोध गरिन्छ।